आज मिति २०८०।०३।१८ गते सोमबारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०७९।८० बैठक सङ्ख्या: १८ समय : ११:०० बजे स्थान: गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री विष्णु प्रसाद सुवेदी | |

सहजकर्ता कर्मचारी:

१. श्री रुपक अधिकारी
२. श्री अमर कुमार श्रीवास्तव
३. श्री यज्ञ कुमार बस्नेत

सहयोगी कर्मचारी:

१. श्री दिलिप कुमार भुजेल

CamScanner

प्रस्तावहरुः

**प्रस्ताव न. १ : यस अघिको कार्यापालिका बैठकको समिक्षा तथा प्राप्त परिपत्र सम्बन्धमा**

निर्णय न.१: प्रस्ताव न. १ माथि छलफल गर्दा यस अघि मिति २०८०।०३।१२ गते वसेको गाउँ कार्यापालिकाको १७ वैठकको निर्णयहरु समिक्षा गरियो साथै संघ , प्रदेश तथा अन्य निकायबाट प्राप्त परिपत्रहरुवारे वैठकलाई जानकारी गराइयो ।

**प्रस्ताव न. २ : सार्वजनिक स्थानमा निर्माण भएका घर, टहरा सम्बन्धमा**

निर्णय न.२ : प्रस्ताव न.२ माथि छलफल गर्दा सार्वजनिक स्थलमा निर्माण भएका घर, टहराहरु व्यवस्थापन गर्नका लागि पछि नेपाल सरकारबाट नयाँ व्यवस्था भएमा सोहि बमोजिम हुने गरी हाललाई यस अघिनै वनिसकेका घर टहरा भए वहाल व्रिटौरी कर संकलन गर्ने तर नयाँ स्थापना गर्नका लागि रोक्ने निर्णय गरियो ।

**प्रस्ताव न. ३: वृक्षारोपण गर्ने सम्बन्धमा**

निर्णय न.३ : प्रस्ताव न.३ माथि छलफल गर्दा भुम्लु भित्र रहेका सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने कार्य अगाडी बढाउने र सो कार्यमा सहयोग गर्नका लागि भुम्लु भित्र रहेका क्रसर उद्योग,निजी संस्था लगायतलाई आह्वान गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.४: वडा न. १ र २ मा सिँचाई पाइप व्यवस्था गर्ने सम्बन्धमा**

निर्णय न. ४ :प्रस्ताव न.४ माथि छलफल गर्दा भुम्लु गाउँपालिका वडा न. १ र २ मा सिँचाई पाइपको आवश्यकता रहेको भनि उपभोक्ताको माग प्राप्त भएकाले उपभोक्ताको माग वमोजिम सिँचाई पाईप खरिदको लागि शिलबन्दि दरभाउपत्र जारी गरी खरिद गर्नका लागि समय पर्याप्त नभएकाले हाल वजारबाट मूल्य सूचि माग गरी सवैभन्दा कम मूल्यसूचि पेश गर्नेवाट खरिद गर्ने विधि(कोटेशन) वाट खरिद गर्न तथा स्रोतका लागि आ.व. २०७९।८० को बजेट किताववाट मिल्दो शिर्षक हेरी आवश्यक व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव न. ५: भूमि वैङ्कका लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा**

निर्णय न. ५ : प्रस्ताव न. ६ माथि छलफल गर्दा भुम्लु भित्र रहेका व्यक्तिगत जग्गाहरु प्रयोग विहीन राख्ने क्रम वढ्दै गएको देखिएकाले जग्गा बाँझो रहने समस्या वढ्दै गएको कुरालाई मध्येनजर गर्दै सो जग्गा उपयोग गर्न चाहने नागरिकलाई समेत लक्षित गर्दै गाउँपालिकाबाट भूमि वैङ्क सञ्चालन गर्ने निर्णय गरियो र सो वैङ्कमा जग्गा दिन/लिन इच्छुक दुवै पक्षहरुको नागरिकलाई लक्षित गरेर सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.६: IEE को अन्तिम प्रतिवेदन स्विकृत सम्बन्धमा**

निर्णय न. ६ : प्रस्ताव न.६ माथि छलफल गर्दा सुनकोशी र इन्द्रावती नदि किनारामा रहेको भुम्लु गाउँपालिका वडा न. ६ र १० का क्रमश आँपघाट बगर र पशुपती बगरको अनुगमन



CamScanner

तथा सम्वन्धीत स्थानमा भएका सार्वजनिक सुनुवाई पश्चात परामर्श दाताहरुले तयार गरेको प्रारम्भिक वातावरणीय परिक्षण को अन्तिम प्रतिवेदन प्राप्त भएकोमा सो प्रतिवेदलाई स्विकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ७: आ.व. २०८०।०८१ को वडागत, विषयगत र पालिकागत योजना तथा कार्यक्रमलाई अन्तिम रुप दिने सम्बन्धमा

निर्णय न.७ : प्रस्ताव न. ७ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाले आ.व. २०८०।०८१ को लागि तयार गरेको विषयगत शाखाहरुवाट प्रस्तुत भएका योजनाहरु र वडा कार्यालयहरुवाट प्राप्त भएका योजनाहरुको बारेमा जानकारी लिईयो र आवश्यक संशोधन सहित ति योजनाहरुको अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ८: विविध

निर्णय न. ८ : प्रस्ताव न.८ माथि छलफल गर्दा भुम्लु भित्र रहेका आर्थिक रुपमा कमजोर वर्ग तथा भुम्लुको नाम उच्च पार्नका लागि सहयोग गर्नेलाई दिईने आर्थिक सहायता तपशिल वमोजिमका व्यक्तिहरुलाई तपशिल अनुसार दिने निर्णय गरियो ।

तपशिल

| क्र.स | नाम र थर | ठेगाना | आर्थिक सहाय रकम | आर्थिक सहायता दिनुपर्नाको कारण |
|---|---|---|---|---|
| १ | वसन्ती माझी | भुम्लु-७ | रु.२०,०००।- | वाथरोग लागि उपचार भईरहेको आर्थिक अवस्था कमजोर रहेको भ वडा कार्यालयको सिफारिस प्रा भएको |
| २ | रमेश श्रेष्ठ | भुम्लु-८ | रु.२५,०००।- | नेपालमा आयोजना हुने एशिय वडिविल्डिङ्गमा भाग लिन जाने भएका आर्थिक सहायता गर्नु भनी व कार्यालयको सिफारिस प्राप्त भएको |
| ३ | प्रेम वहादुर माझी | भुम्लु-१० | रु.२०,०००।- | व्रेन ह्यमरेज भई धुलिखेल अस्पताल उपचार गराईरहेको र आर्थिक अवस् कमजोर भएको भनी वडा कार्यालयव सिफारिस प्राप्त भएको |



CamScanner